# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

GP3H+XMG Sarawal
+977 9857046266


पत्र संख्या:- २०८१/०८०
च.नं.:-

मिति: २०८०/०३/१३

श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति (सबै),
श्री विषयगत शाखा (सबै),
श्री वडा कार्यालय (सबै),
श्री सरोकारवाला संघ संस्था (सबै) ।

**विषय: चालु आ.व. (२०७९/०८०) को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । मिति २०८०/०३/१० को महालेखा नियन्त्रक कार्यालयको पत्र अनुसार आर्थिक वर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application (SuTRA)) पनि डाउन हुने, आषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी प्रतिवेदन पठाउनुपर्ने, कोष तथा लेखा नियन्त्रण कार्यालयमा भौचर बुझाउनु पर्ने र सबै कारोवारको हिसाब मिलान गर्नुपर्ने भएको हुँदा यस पालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरुमध्ये चालु तर्फका योजना तथा कार्यक्रम मिति २०८०/०३/१६ गतेभित्र एवं पुँजीगत तर्फका आयोजनाहरु पूर्णरुपमा सम्पन्न गरी मिति २०८०/०३/२० गते भित्र अनिवार्य भुक्तानी लिन अनुरोध छ । सो अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका गराउनुका साथै मिति २०८०/०३/१४ र मिति २०८०/०३/१६ गते सार्वजनिक विदा भएतापनि यस कार्यालय अन्तर्गतका पुर्वाधार शाखा, योजना, अनुगमन तथा मुल्याङ्कन शाखा र आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने कार्यहरु सूचारुहुने समेत जानकारी गराईन्छ ।

..........
२०८०/०३/१३
दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत